# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## माछापुच्छ्रे गाउँपालिका, कास्की

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं

## *Serving the Nation*
## *and*
## *the People*

### दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

### गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

### मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७
च.नं : ७७६

मिति: २०७७/३/२४

श्री प्रमुखज्यू,
माछापुच्छ्रे गाउँपालिका,
कास्की ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
(वागमती तथा गण्डकी महानिर्देशनालय)

पत्र संख्या : २०७६।०७७
च.नं : ८५१

मिति: २०७७।३।२५

श्री प्रमूखज्यू,
माछापुच्छ्रे गाउँपालिका कार्यालय,
कास्की ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले माछापुच्छ्रे गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यस संग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यस संग सम्बन्धित अन्य बिबरणले स्थानीय तह संग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१ करोड ८१ लाख ५४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ६० लाख ७८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५३ लाख ५४ हजार, नियमित गर्नुपर्ने रु.१९ लाख ८८ हजार र पेश्की बाँकी रु.४७ लाख ३४ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।१०।१० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना अठार (१८) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह संग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार संचालन ऐन, २०७६ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(वामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

# माछापुच्छ्रे गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

## २०७५/७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउंपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । गण्डकी प्रदेशमा पर्ने यो माछापुच्छ्रे गाउँपालिकामा साविकका माछापुच्छ्रे सार्दीखोला घाचोक लाहाचोक रिभान धिताल धम्पुस र ल्वाङघलेल मिलि बनेको छ । नेपालको गण्डकी प्रदेश अन्तर्गत कास्की जिल्लाको उत्तरी भागमा अवस्थित यो गाउँपालिका गण्डकी प्रदेशको राजधानी पोखराबाट करिब १६ कि मि दूरीमा रहेको छ । यो गाउंपालिकाले ५४५।५२ वर्ग कि मि क्षेत्रफल तथा सामुद्रिक सतहबाट १०३१ मि उचाइमा रहेको छ । यस गाउँपालिकाको पूर्वमा कास्कीको मादी गाउँपालिका, पश्चिममा अन्नपूर्ण गाउँपालिका, दक्षिणमा पोखरा महानगरपालिका र उत्तरमा मनाङ जिल्लाको नेस्याङ गाउँपालिका रहेको छ ।

**स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता  र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आय व्यय हिसाव सहितको आर्थिक वर्ष २०७५।०७६ को संचित कोषको संक्षिप्त अवस्था निम्नवमोजिम रहेको छ ।

### आय व्ययको विवरण

| आयतर्फ | | | | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | रकम | सि.नं. | विवरण | रकम | रकम |
| १. | गतवर्षको जिम्मेवारी | | **४६५०३७२७.०१** | १. | चालु खर्च | | **२९११९८६२५** |
| | क) नगद | ३५२०९०.२ | | २. | पूजिगत खर्च | | **१३१३१४९४१** |
| | ख ) बैंक | ४५५९४६९२ | | ३. | वित्तीय व्यवस्था भुक्तानी | | ० |
| | ग) धरौटी | ५५६९४५ | | | | | |
| २. | राजश्व (आन्तरिक आय ) | | **११५८०८९८९** | | क) ऋण भुक्तानी | | ० |
| | क) आन्तरिक राजश्व | २९९४३६१९ | | | ख ) ब्याज भुक्तानी | | ० |
| | ख ) राजश्व बाडफाड | ६८०७८९७० | | | ग) अन्य भुक्तानी | | ० |
| | ग) अन्य आय | १७७८६४०० | | | | | |
| ३. | वित्तिय हस्तान्तरण | | **२५५८७१०३१** | ४. | लगानी | | ० |
| | क) बित्तिय समानिकरण अनुदान | ८०५००००० | | | क) ऋण लगानी | | ० |
| | खं) शःसर्त अनुदान | १७५३७१०३१ | | | ख) शेयर लगानी | | ० |
| | | | | | ग) अन्य लगानी | | ० |
| | | | | ५. | धरौटी फिर्ता | | **१३०५६५१** |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | **१११०४०००** | | | | |
| | क) वित्तिय समानीकरण अनुदान | १११०४००० | | | | | |
| | ख) सशर्त अनुदान | | ० | ६. | कोष खर्च | | |
| | ग) समपूरक अनुदान | | ० | ७ | ओ डी एफ खर्च | | |
| | घ) विशेष अनुदान | | ० | ८ | **अर्थ वजेट** | | **३३१८२०६** |
| ५. | अन्तरथानिय स्तर बाट प्राप्त | | ० | ९ | **मौज्दात** | | १०२२०७९४६.९ |
| | क) ऋण प्राप्ती | | ० | | क) नगदमौज्दात | | |
| | ख) सांवाप्राप्ती | | ० | | ख) बैंक मौज्दात : | १००६०३४३६ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | ग) ब्याजप्राप्ती | | ० | | ग) धरौटी मौज्दात | १६०४५१०.९ | |
| | | | | | घ) अन्य मौज्दात | | |
| | | | | | ङ) राजश्व खाता बैक मौज्दात | | |
| ६ | विभिन्न कार्यक्रमहरु | | ३१४१२९८ | | च) राजश्व खाटा ( नगद) | | |
| | क) सामाजिक विकास मन्त्रालय | ८८८००० | | १० | **निकासाफिर्ता** | | १४८२७२४ |
| | घ ) शहरी विकास मन्त्रालय | २२५३२९८ | | | | | |
| ७ | विभिन्न कोष तर्फ आय | | | | | | |
| ८. | जन सहभागिता (नगद ) | | ४९९८७४३ | | | | |
| ९. | विषयगत निकाय बाट प्राप्त रकम | | ८७७२८८८३ | | | | |
| | क)प्रदेश तथा स्थानीय क्षमता विकास कार्यक्रम | ३०५००० | | | | | |
| | ख ) गरिव संग विश्वेश्वर | ५६८००० | | | | | |
| | ग) प्रधानमन्त्री रोजगार कार्यक्रम | १२८१०६१ | | | | | |
| | घ) झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | ६५८२४२२ | | | | | |
| | ङ)स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | १४९३२००० | | | | | |
| | च) पर्यटन बोर्ड | ३५०००० | | | | | |
| | छ) सामाजिक सुरक्षा | ६३७१०४०० | | | | | |
| १०. | धरौटी आय | | २३५३२१७ | | | | |
| ११. | लगानीको सांवाफिर्ता | | ० | | | | |
| १२ | अर्थ बजेट | | ३३१८२०६ | | | | |
| | जम्मा | | ५३०८२८०९४ | | | | ५३०८२८०९४ |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| १. | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा गाउँ सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ। उक्त ऐनमा भएको व्यवस्थाअनुसार गाँउपालिकाबाट देहाय बमोजिम रु. ४७३४६०० सुविधा वापत भुक्तानी भएको छ। | |

| विवरण | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष ९ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य ४९ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा | ४०३००० | ३३८००० | १६३८००० | ७०२००० | २१८४०००.० | ५२६५००० |
| सञ्चार सुविधा( मासिक दरमा) | १५०० | १००० | ८०० | | | ५८४४०० |
| बैठक भत्ता (बैठक संख्याको आधारमा) | | | | | | |
| खाजा खर्च | | | | | | |
| अन्य बैठक भत्ता | | | | | | |
| यातायातखर्च मासिक | | | | | | |
| जम्मा | | | | | | ५८४९१००.० |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| २. | **कानुन निर्माण र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। यस व्यवस्था अर्न्तगत यस वर्ष गाउँपालिकाले ९ वटा ऐन र १२ वटा कार्यविधि तर्जुमा गरेका राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन्। गाउँपालिकालाई आवश्यक पर्ने अन्य ऐन, नियम निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ। | |

| सि.नं. | कानुनको नाम |
|---|---|
| १. | आर्थिक ऐन - २०७५ |
| २ | न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ३ | माछापुच्छ्रे गाउँपालिकाको विपद् जोखिम न्यूनीकण तथा व्यवस्थापन ऐन, २०७५ |
| ४ | माछापुच्छ्रे गाउँपालिकाको पुर्वाधार व्यवस्थापन ऐन, २०७५ |
| ५ | माछापुच्छ्रे गाउँपालिको शिक्षा ऐन, २०७५ |
| ६ | स्थानिय स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ |
| ७ | माछापुच्छ्रे गाउँपालिकाको शिक्षा नियमावली, २०७५ |
| ८ | विनियोजन ऐन - २०७५ |
| ९ | टोल विकास संस्था गठन संबन्धि कार्यविधि - २०७५ |
| १० | बजार अनुगमन निर्देशिका, २०७५ |
| ११ | करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ |
| १२ | उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ |
| १३ | घ वर्गको निर्माण व्यवसायि इजाजत पत्र वितरण सम्बन्धी कार्यविधि, २०७५ |
| १४ | अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| ३. | **न्याय सम्पादन :** नेपालको वर्तमान संविधानको धारा २१७ मा व्यवस्था गरिए बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार न्यायिक समितिले मुद्दा मामिला किनारा तथा मेलमिलाप गराउने व्यवस्था छ। गाँउपालिका उपाध्यक्षको संयोजकत्वमा तीन सदस्यीय | |

| | | |
|---|---|---|
| | न्यायिक समिति गठन भई समितिमा २०७५ श्रावण देखि असार मसान्त सम्म जम्मा २८ उजुरी दर्ता भएकोमा २२ वटा फछ्र्यौट भई छलफल हुन बाँकी ६ अल्या गरिएको रहेको छ । फछ्र्यौट हुन बाँकी मुद्दाहरु फछ्र्यौट गर्नेतर्फ समितिको ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४. | **संचित कोष हिसाबः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६९ मा प्रत्येक नगरपालिका तथा गाँउपालीकाको एउटा संचित कोष रहने र उक्त कोषमा राजस्व, अनुदान, ऋण लगायतका रकमहरु रहने र उक्त कोषबाट खर्च गर्न सकिने रकमको व्यवस्था रहेको छ । कार्यालयले संचित कोषको हिसाब तयार गरेको नदेखिएकोले संचित कोषमा जम्मा भएको र सो बाट भएको खर्च एकिन गर्न नसकिएको हुँदा संचित कोषको हिसाब तयार गर्नुपर्ने देखिन्छ । | |
| ५. | **संचित कोषमा ट्रान्सफर :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकि रहेको रकम आर्थिक वर्षको अन्त्यमा संचित कोषमा जम्मा हुने व्यवस्था रहेकोमा कार्यालयले आर्थिक वर्षको अन्त्यमा चालु खर्च खातालाई र पूँजीगत खर्च खातालाई आर्थिक वर्षको अन्त्यमा बाँकि देखाएको छ । कानूनी व्यवस्था अनुसार यस्ता खातामा रहेको रकम संचित कोषमा जम्मा गरी खाताको मौज्दात शून्य बनाउन ुपर्नेमा सो अनुसार भएको नदेखिएकोले कानूनी व्यवस्थाको कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्ने देखियो । | |
| ६. | **लगानी र ऋणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम माछापुच्छ्रे गाउँपालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धीत सभाबाट स्वीकृत गरी उत्पादनशील, रोजगारमूलक , आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष कुनै पनि ऋण लिएको तथा लगानी गरेको देखिएन । | |
| ७. | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । उक्त कोषमा आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सोको वरावरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीको तलवबाट रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्ने गरेको छैन । योगदानमा आधारित कल्याण कोषको व्यवस्था भएकोले गाउँपालिकाले कर्मचारी कल्याण कोषको व्यवस्था गर्नुपर्ने देखिन्छ । | |
| ८. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निःशुल्क रुपमा उपलब्ध गराई सवै गाउँपालिकाले Sub National Treasury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले आर्थिक वर्ष २०७५/७६ सम्म उक्त सफ्टवेयरको प्रयोग गरेको देखियता पनि शिर्षक अनुसार अलग अलग कारोबारको हिसाव राख्न सकेको देखिएन । स्थानीय तहको लेखाप्रणालीलाई बैज्ञानिक र व्यवस्थित गर्नका लागि लागू गरिएको उक्त सफ्टवयेर प्रभावकारी रुपमा शिर्षक अनुसारको लेखा राख्ने तथा वित्तिय विवरण तयार पर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ | |
| ९. | **कर्मचारी व्यवस्था :** नेपाल सरकारको मिति २०७४।१२।१४ स्थानीय तहको अन्तरिम संगठन संरचना तथा दरवन्दी सम्वन्धी निर्णयमा यस गाउँपालिकामा ३७ जना कर्मचारी दरवन्दी रहने उल्लेख छ । स्वीकृत कर्मचारी दरवन्दी मध्ये पदपूति १४ जना भएको पाइयो । रिक्त पद मध्ये २३ जनाको पदपूर्ती हुन सकेको छैन भने ४ जनालाई करारमा नियुक्ती गराई काम गराई राखेको अवस्था छ । । आवश्यक कर्मचारी व्यवस्थापन नहुँदा सेवा प्रवाहमा असर पर्ने भएकोले कर्मचारी व्यवस्थापनमा ध्यान दिनुपर्ने देखियो । | |
| १०. | **आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्बन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् ।<br>● सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने | |

र सार्वजनिक सुनुवाई बर्षमा २ पटक हुने गरेको देखियो ।

- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको छैन ।
- मूल्य खुल्न नसकेका सामानहरुको मुल्य खुलाई राख्नुपर्नेमा केहि सामानहरुको मूल्य खुलाएको छैन ।
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समय मै नदिई आर्थिक वर्षको अन्त्यमा एकैपटक पठाएको देखियो ।
- स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम तेश्रो चौमासिकमा खर्च गरेको,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
- वार्षिक  कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन दिने नगरेको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिनअगावै तोकी सक्नु पर्नेमा दररेट तोकेको छैन ।
- कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमूखले तोकेको कर्मचारीले "भुक्तानी भएको"जनाउने छापसमेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको छैन ।
- कार्यलयले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार गरिएको छैन ।
- यस गाँउपालिकाले ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्काखाता र कन्टिजेन्सि खाता राखेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।
- विभिन्न आयोजनाहरुको लागि निर्माण सामाग्री ढुवानी गर्दा ढुवानीको कर बिजक जारी गर्नु पर्नेमा नगरी भर्पाइ मात्र संलग्न गरेको सोही आधारमा खर्च भुक्तानी दिने गरेको पाइयो ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाखभन्दा बढिको निर्माण कार्य गराउँदा विमा गराउनु पर्नेमा कुनै पनि ठेक्कामा विमा गराएको छैन ।
- सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गरेको छैन ।
- वार्षिक कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमका प्रत्येक क्रियाकलापहरुमा अनुगमन तथा मुल्याङकनको लागि एकमूष्ठ राखी भ्रमण खर्च नियमावली अनुसार खर्च गर्नु पर्नेमा नगरेको
- कन्टिन्जेन्सि खर्चको अभिलेख रजिष्टर नराखेको,
- निजामती सेवा ऐन, २०४९ बमोजिम कार्यविवरण बनाई लागु गर्ने गरेको देखियो,
- वातावरण संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार नगरेको,

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार सम्पन्न भएका योजनाहरु

उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

११. **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । माछापुच्छ्रे गाँउपालिकाले आर्थिक वर्ष ०७५।७६ मा सांग्रिला नामको राजश्व सम्बन्धि सफ्टयर प्रयोग गरेपनी वडा कार्यालयले रसिदमार्फत राजस्व असुल गरेको, वडा कार्यालयले असुल गरेको राजश्व दाखिला समयमा नगरी मासिक वा एकमुष्ठ रुपमा गर्ने गरेको र केही वडाले दाखिला गर्न बांकी रहेको, मेशिनरी प्रयोगका लागि प्रयोग भएका रसीद र संख्या यकिन नभएको गत वर्षको नगदी रसिद के कति बांकी रहेको, यस वर्ष वडास्तर र गाउँपालिकाका लागि के कति संख्यामा रसिद छपाई भएको हो नखुलेको, वडालाई वितरण गरेको रसिदको विवरण मात्र रहेको, बचत भएका रसीदको विवरण नरहेकोले आम्दानी रकम यथार्थपरक हो वा होइन यकिन हुन सक्ने अवस्था छैन । वडाहरुले आफ्नो अनुकुलतामा राजस्व दाखिला गर्ने गरेको तथा गाउँपालिकाले राजस्व लक्ष्य निर्धारण एवं आन्तरिक नियन्त्रण नगरेका कारण राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । तसर्थ राजस्व सम्बन्धमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।

१२. **आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार संचालन ऐन २०७४ दफा ७७ (२) अनुसार स्थानीय तहले कानून बमोजिम आफ्नो आय तथा व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । गाँउपालिकाले आफ्नो वार्षिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक वर्ष अन्तमा एक पटक मात्र गरेको छ । आन्तरिक लेखापरीक्षणबाट आय तथा व्यय र त्यसको लेखाकंन प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया अनुरुप गरे वा नगरेको वित्तीय साधनको उपयोग मितव्ययी तवरले दक्षतापूर्वक प्रभावकारी रुपमा भए वा नभएको, स्वीकृत वार्षिक कार्यक्रम अनुरुप लक्ष्य प्राप्ति गरे वा नगरेको वित्तीय प्रतिवेदनले आर्थिक कारोवारको सही यर्थाथ चित्रण प्रस्तुत गरे वा नगरेको र आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी भए नभएको जस्ता विषयमा जानकारी हुने कानूनमा भएको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण नियमित रुपमा गराउनु पर्दछ । कार्यालयले आन्तरिक लेखापरीक्षणका लागि जनशक्ति तथा आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था गरी प्रभावकारी रुपमा आन्तरिक लेखापरीक्षणको माध्यमबाट आन्तरिक नियन्त्रण प्रणाली भरपर्दो बनाउनु पर्ने देखिन्छ ।

१३. **वजेट पेश गर्ने तथा पारित गर्ने**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र पारीत गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालीकाले सभामा २०७५/३/८ गते पेस गरि गाउँसभाले २०७५/३/१० मा बजेट, नीति तथा कार्यक्रम पारित गरेको छ ।

१४. **चौमासिक खर्च :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष गरेको कुल पूँजीगत खर्च रु. १०५८१७०७८.० मध्ये प्रथम चौमासिकमा ३.८३ प्रतिशत, दोश्रो चौमासिकमा २६.५४ प्रतिशत र तेश्रो चौमासिकमा ६९.६२ प्रतिशत खर्च गरेको देखिएको छ । तेस्रो चौमासिकमा भएको खर्च मध्ये आषाढ महिनामा मात्रै ३३.४३ प्रतिशत खर्च भएको छ । कार्यालयले आर्थिक बर्षको अन्त्यमा बढी भार पर्ने गरी खर्च गरेको पाइयो । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा तोकिएको लक्षित कार्य सोही अनुरुप सम्पन्न गर्नेतर्फ गाउँपालिकाको ध्यान जानु पर्दछ ।

| क्र.सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | ८०१७१५३ | ११४३७९७८ | ३५०००० | ६०९५०० | १०४७८४७८ | ७१२९३२१ |
| २ | ८०४३९५ | ९४३७९१००।० | ३७०३५००। | २७४७८७०९।० | ६३१९६८२१।०० | २८२५४३८०।०० |
| | जम्मा | १०५८१७०७८ | ४०५३५००. | २८०८८२०९ | ७३६७५२९९ | ३५३८३७०१.० |

यसरी तेस्रो चौमासिकमा ठूलो खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।

१५. **राजस्व परामर्श समितिः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ६५ मा राजस्व सम्वन्धी परामर्शको लागि एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजस्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने, राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरु तोकिएको छ । राजस्व परामर्श समितिको बैठक मिति २०७५/९/२६ र ०७६/२/२१ मा बसेता पनि ऐनमा उल्लेख भए अनुसारका कार्यहरु गरेको देखिएन ।

१६. **राजस्व दाखीला :** गाउँपालिकाले नगदी रसिद वडा कार्यालयहरुमा पठाउने गरेको छ । वडा ठकार्यालयहरुबाट काटीएका नगदी रसिद हरुको आम्दानी भोलिपल्ट बैक दाखिला गर्नु पर्नेमा मासिक रुपमा गाउँ पालिकाको कार्यालयमा पठाउने गरेको छ । असुल भएको राजश्व सोही दिन वा भोलिपल्ट बैक दाखिला गर्नु पर्नेमा ढिलो दाखिला गरेको पाइएकोले यस्तो कार्यलाई तत्काल रोकी ऐन नियमको प्रावधान बमोजिम राजश्व दाखिला गर्नु पर्ने देखिन्छ ।

१७. **सम्पति कर** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ। माछापुच्छ्रे गाउँपालिकाले हालसम्म यो काम सुरु गरेको नपाइएकाले सो काम सुरुगर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१८. **आर्थिक सहायता :** सार्वजनिक खर्चमा मितव्यीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीति मार्गदर्शन २०७५ को वुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेरमात्र क्षतिपूर्ति, औषधोपचार र आर्थिक सहायता वापतको खर्च उपलव्ध गराउने उल्लेख छ। कार्यालयले आन्तरिक चालु खर्च शीर्षकबाट विपन्न नागरिक तथा प्रकोप पिडीतलाई घरवास तथा औषधी उपचार खर्च वडा कार्यालयको सिफारिस राखी गाउँपालिका वैठकबाट निर्णय रु. २५००००।०० आर्थिक सहायता स्वरुप भुक्तानी गरेको छ । यस्तो खर्च लेख्न आवश्यक कार्यविधि तथा मापदण्ड तयार गरेको छैन । मापदण्ड तयार गरी यस्तो सुविधा दिने कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

१९. **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउँपालिकाले यो वर्ष वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सरसफाईको काममा गाउँक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, जस्ता वातावरण सुधारको गाउँपालिकाले कुनै कार्यक्रम तथा वजेट नराख्ने कार्यले स्वच्छ तथा सफा गाउँ वनाउन तर्फ ध्यान पुगेको देखिएन । अत गाउँ सरसफाई तथा वातावरण संरक्षणका कार्यक्रमहरु समेत संचालन गर्नुपर्दछ ।

२०. **उपभोक्ता समिति छनौट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र

सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समूदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक सम्झौता पूर्वका उक्त प्रकृया आंशिक रुपमा पालना गरेको देखियो । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ ।

२१. **निर्माण कार्यको गुणस्तर सम्बन्धमा –** गाउँ कार्यपालिकाबाट पारित उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ निर्माण सामग्रीको गुणस्तर, निर्माण विधि र प्रक्रियाको गुणस्तर सुनिश्चितता गर्ने जिम्मेवारी कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुने उल्लेख छ । साथै उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त व्यवस्था अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

२२. **सार्वजनिक सुनुवाइः** वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सक्ने कुरा सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरू सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरूमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । कार्यविधिको पालना गर्नुपर्दछ ।

२३. **परामर्श सेवा :** प्रदेश नं.४ प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ८ को व्यवस्था बमोजिम नयाँ आयोजनाको हकमा रकम प्रस्ताव गर्दा सम्भाव्यता अध्ययन गर्न आवश्यक हुने तथा सम्भाव्यता अध्ययन पश्चात आगामी वर्ष खर्च हुन सक्ने रकम मात्र पुष्ट्याई प्रस्ताव गर्नु पर्ने व्यवस्था छ । सम्भाव्यता अध्ययन भई स्वीकृत भइसकेका तथा क्रमागत रुपमा कार्यान्वयनमा रहेका आयोजनाका हकमा खरिद योजना वा सम्झौता अनुरुप आगामी वर्ष आवश्यक पर्ने रकम प्रस्ताव गर्ने व्यवस्था छ । गाउँपालिकाबाट यस वर्ष ७ वटा कार्यक्रमको सम्भाव्यता अध्ययन गरी परामर्शखर्चमा रु. १९८८१२४.० खर्च गरेको नियम सम्बत नदेखिएको रु. १९८८१२४.०

| क.सं. | कार्यक्रमको नाम | लागत अनुमान | परामर्श खर्च | | |
|---|---|---|---|---|---|
| | | | गत वर्षसम्मको | चालु वर्षको | जम्मा |
| १ | ५ वर्षे आवधिक एकीकृत विकास योजना | १९८८१२४.० | ०.०० | १९८८१२४.० | १९८८१२४.० |
| | जम्मा | १९८८१२४.० | | १९८८१२४.० | १९८८१२४.० |

२४ **ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार वार्षिक बजेट कार्यक्रम कार्यान्वयन सुचारु रुपले गराउन र निर्धारित समय भित्र कार्य सम्पन्न गर्न अन्य निकायसँग लिनु पर्ने सहयोग र स्वीकृत बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा सम्पन्न गरिसक्नु पर्ने व्यवस्था छ । कार्यालयबाट पेश भएको ठेक्का बन्दोबस्ती सम्बन्धी विवरण अनुसार यो वर्ष संचालित भएका ९ वटा कार्यहरूको ठेक्का सम्झौता

भएकोमा ४ वटा प्रथम चौमासिकमा २ वटा दोस्रो चौमासिकमा र ३ वटा तेस्रो चौमासिकमा ठेक्का संझौता भएको छ । यसले गर्दा निर्माण कार्य समयमा सम्पन्न नहुने तथा जनतामा प्रवाह हुने सेवा सुविधामा असर पर्ने हुँदा नियमको पालना गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

२५. **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन र प्रगति समीक्षा गर्नुपर्ने र तोकिएको समयमा प्रगति हासिल नगर्ने र विवरण नपठाउनेलाई कारबाही गर्न सकिने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार संचालित कार्यक्रमको प्रगति विवरण देहाय अनुसार रहेको छ ।

| क.सं. | कार्यक्रमको/योजना | यो वर्ष कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|---|
| | | | शुन्य प्रगति कार्यक्रम | २५ प्र.सम्म प्रगति भएका कार्यक्रम | ५० प्र.सम्म प्रगति भएका कार्यक्रम | ७५प्र.सम्म प्रगति कार्यक्रम |
| १ | मुल कार्यक्रम संख्या | १४१ | ३ | ८ | १२ | १९ |
| २ | सहायक कार्यक्रम संख्या | ० | ० | ० | ० | ० |
| | रकम | | | | | |

२५.१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । गाउँपालिकाले सञ्चालन गरेका आयोजनामध्ये सबै आयोजनाको उपयुक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । योजना तथा कार्यक्रममा १४१ वटा कार्यक्रम गर्ने लक्ष्य राखेकोमा ३ वटा कार्यक्रमको शुन्य प्रगति ८ वटा कार्यक्रमले २५%, १२ वटा कार्यक्रम ५०%, १९ वटा कार्यक्रमले ७५% सम्म र अन्य ९९। कार्यक्रमले १००% प्रगती हासील गरेको अवस्था छ । ४२ वटा कार्यक्रमले प्रगती हासील गर्न सकेको नपाईएकाले पालिकाले कार्यक्रमको लक्ष्य निर्धारण गर्दा गर्न सक्ने र सफल बनाउन सक्ने कार्यक्रम मात्र गर्नु पर्ने देखिन्छ ।

२६. **कन्टिन्जेन्सी खर्चको अभिलेख–** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टीन्जेन्सी समेत समावेश गरेर तयार गर्नु पर्ने व्यवस्था गरेको छ । सोही बोजिम गाउँपालिकाले प्रत्येक योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चवाट ३ प्रतिशत कट्टागर्ने गरेको देखिएता पनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्च खाता खडा गरी राखेको देखिएन । यस वर्ष कार्यालयले रु.२८०००००.० खर्च गरेको छ । गाउँपालिकाले योजनागत खाता तयार पारी तोकिएको सीमाभित्र खर्च गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनु पर्दछ ।

| क.सं. | कार्यक्रमको नाम | लागत अनुमान | कन्टिन्जेन्सी खर्च | | |
|---|---|---|---|---|---|
| | | | गत वर्षसम्मको | चालु वर्षको आम्दानी | चालु वर्षको खर्च |
| १ | विभिन्न पूजिगत निर्माण | ० | ० | | २८०००००.० |

२७. **फोहरमैला व्यवस्थापन :** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १२ मा स्थानीय तहले आफो क्षेत्रभित्र संकलन भएको फोहरमैलालाई व्यवस्थापन तथा स्थायी रुपमा विसर्जन गर्नको लागि वातावरण सम्बन्धी प्रचलित कानूनको अधिनमा रही फोहरमैला व्यवस्थापन स्थल तोक्न सक्ने व्यवस्था अनुसार हालँ गाँउपालिकाले जग्गा भाडामा लिएर फोहरमैला व्यवस्थापनको कार्य गर्दै आएको देखियो ।

२८. **नक्सा पास र मुल्यांकन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाँउपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । तर यस वर्ष गाउँपालिकामा नक्सा पास सम्बन्धी काम-कारबाही गरेको देखिए तापनि सबै वडा कार्यालयमा लागु भएको देखिएन । तोके बमोजिम संरचना निर्माण गर्नुपूर्व गाउँपालिकाबाट त्यसको नक्सा पास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान

दिनुपर्दछ । घर जग्गा मुल्यांकन गर्ने वैज्ञानिक प्रणालीको अवलम्वन गरी पक्का ढलान, पक्का जस्तापाताको प्रति वर्गफिट कति लागत पर्दछ सो यकिन गरीनु पर्दछ । मालपोत कार्यालयमा लिखत पारितको लागि पठाएको मुल्यांकन प्रतिवेदन यथार्थफरक नभई हचुवाको भरमा लेख्ने गरेको पाईएकोले सोमा सुधार हुनुपर्दछ ।

२९. **सेवा प्रवाह** :कार्यालय आ.व. ०७५/०७६ मा निम्नानुसारको सेवा प्रवाह गरेकोमा कार्यालयबाट विवाह दर्ता, बसाई सराई र सम्बन्ध विच्छेद दर्ताको विवण उपलव्ध भएको छैन ।

| सि.नं. | विवरण | सेवा प्राप्तीका लागि निवेदन संख्या |
|---|---|---|
| १ | नागरिकता सिफारिस | १२७३ |
| २ | घरबाटो सिफारिस | १०८० |
| ३ | नाता प्रमाणित | ६४६ |
| ४ | जन्म, मृत्यु, दर्ता | १४३८ |
| ५ | विवाह दर्ता | ० |
| ६ | बसाई सराई | ० |
| ७ | सम्बन्ध विच्छेद दर्ता | ० |
| | **जम्मा** | **४४३७** |

**समानिकरण पुँजिगत**

३०. भौ.२०५-०७६।२।१४ तादिखोला नागी हिरिवगर मोटर बाट निर्माण कार्यको उपभोक्ताको योगदान रु.५५००००। र गाउँपालिकाको अनुदान रु.२२०००००। समेत रु.२७५००००। लागत अनुमान तयार गरी उपभोक्ता समितिबाट काम गराएको छ । उपभोक्ता समितिबाट गरेको कामको प्राविधिक मुल्यांकन गर्दा उपभोक्ता समितिले मुस्ताङ जि.आई वायर इन्डष्ट्रिज एण्ड सप्लार्यस प्रा.लिको विल अनुसार ग्याविन वक्स जालिको मुल्य र कार्यालयबाट प्राविधिकले गरेको मुल्यांकनको मुल्य विल मुल्य भन्दा बढिको देखिएकोले उपभोक्ता समितिलाई निम्नानुसार बढि गएको रकम असुल गर्नु पर्ने रु. १५४५६१.०

| क.सं. | विवरण | इकाई | मुल्यांकन | विलको दर | फरक | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | ग्याविन बक्स २"×१" ×१" | ६२ गोटा | ४६०५ | २६९७.५७ | १९०७.४३ | ११४४४६.० |
| २ | ग्याविन बक्स ३"×१" ×१" | १५ गोटा | ६५९५ | ३९२०.६४ | २६७४.३६ | ४०११५.० |
| | जम्मा | | | | | १५४५६१.० |

३१. भौ.२१२।०७६।२।२० ल्वाङ्ग सिउ मोटरबाटो मर्मत कार्य उपभोक्ता समितिबाट गराई प्राविधिक मुल्यांकन गरी भुक्तानी गर्दा उपभोक्ता समितिले मुस्ताङ्ग जि.आई वायर इन्डष्ट्रिज एण्ड सप्लार्यस प्रा.लि को पेश गरेको विल भन्दा कार्यालयको प्राविधिक मुल्यांकनमा निम्नानुसारको कार्यको बढि भुक्तानी रु.१२४९५७। भएकोले उपभोक्ता समितीबाट असुल गर्नु पर्ने रु. १२४९५७.०

| क.सं. | विवरण | इकाई | मुल्यांकन | विलको दर | फरक | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | Hexagonal mesh size 120mm box 2×1×1 | ६२ गोटा | ४५९१ | ३१०७.५ | १४८३.५ | ९१९७७ |
| २ | Hexagonal mesh size 120mm box 3×1×1 | १० गोटा | ६५७५ | ४५२० | २०५५ | २०५५० |
| ३ | Hexagonal mesh size 120mm box 2×1×1 को विल अनुसार खरिद ६६ वटा भएकोमा योजननामा ६२ वटा मात्र प्रयोग | | | | | १२४३०.० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | भएकोले ४ वटाको रु.३१०७.५० का दरले असुल गर्नु पर्ने रु | | | | | |
| | जम्मा | | | | | १२४९५७.० |

| | | |
|---|---|---|
| ३२. | भौ.२४३-०७।३।११ बाट उपाल्लो लस्ती सिंचाई कुलो मर्मत कार्यको उपभोक्ता योगदान रु.६२५०००। र गाउँपालिका अनुदान रु.२५०००००। लाख समेत रु.३१२५०००। को लागत अनुमान तयार गरी उपभोक्ता समिति बाट काम गराएको छ । कार्यालयबाट लागत अनुमान तयार गर्दा M.S Rod को प्रति के.जी मुल्य रु.९१।९० रहेको छ । कुलो मर्मत कार्यको लागि प्रयोग गरेको M.S Rod एस.पि कन्ट्रक्सन पोखराको उपभोक्ताले पेश गरेको विभिन्न साइजको M.S Rod औषत मुल्य रु.८१.३६ रहेको छ । कुलो मर्मतमा ५५३७.८५ के.जी रड प्रयोग भएको छ । प्राविधिक मुल्यांकल भन्दा उपभोक्ता समितिले पेश गरेको विल रु.१०।५४ प्रा. के.जी घटी रहेकोले उपभोक्ता समितिलाई बढि भुक्तानी भएको असुल गर्नु पर्ने रु. | ५८३६९.० |
| ३३. | १९४। २४६-३।१६ खाँदारजुङ्ग घिचुक सिन्चाई योजनाको निर्माण कार्यको लागि रु.३००३०१४। को लागत अनुमान तयार गरी उपभोक्ता समितिबाट काम गराएको फर्मका मुल्यांकन रु.२२८०७६७। गरी उपभोक्ता समितिलाई भुक्तानी भएको समबन्धमा निम्नानुसार देखियो । | |
| ३४. | योजनाको लागि लागत अनुमान तयार गर्दा १२५ mm ४ के.जि प्रेशर पाइप मुल्य रु.६७५।०७ प्रति मिटरलेगरेको छ । कामको मुल्यांकन गर्दा उपभोक्ता समितिले दवाडी हार्यवयर कास्कीको वीलमा रु.६७०।०९ पेश गरेको छ । वास्तविक विल अनुसार कामको मुल्यांकन गरी भुक्तानी गर्नु पर्नेमा उपभोक्ता समितिलाई १९१० मिटरको रु.४.९८ प्रति मिटर का दरले भुक्तानी भएको असुल गर्नु पर्ने रु. | ९५१२.० |
| ३४.१ | योजनाको लागि दवाडी हार्यवयर बाट १२५ mm ४ पन प्रेशर पाइप १९१० मीटर प्रति मिटर रु.६७०।०९ ले खरिद गरेको छ । कार्य सम्पन्न प्रतिवेदन अनुसार योजनामा १६९० मीटर मात्र प्रयोग भएकोले बाँकी रहेको २२० मीटर पाइप भुक्तानी उपभोक्ता समितिलाई रु.६७५।०७ ले भुक्तानी भएकोले योजनामा प्रयोग नभएको पाइपको उपभोक्ता समितिबाट असुल गर्नु पर्ने रु. | १४८५१५.० |
| ३४.२ | योजनाको कार्य गर्न उपभोक्ता समितिले सम्झौता गर्दा लागत सहभागि मुल्यांकनको १६.७५ प्रतिशतले व्यहोर्ने सम्झौता गरेको छ । कामको मुल्यांकन रु.२२८०७६६। अनुपातिक व्यहोर्नुपर्ने रु.३८२०२८। कट्टा गरी भुक्तानी गर्नु पर्नेमा उपभोक्ताको रु.२१९२३३। मात्र कट्टा गरेको घटी कट्टी गेरकोले उपभोक्ताबाट असुल गर्नु पर्ने रु. | १६२७९५.० |
| ३५. | भौ.२५०-०७६।३।१७ रातोपानी घले खर्क मोटर बाटो निर्माणको लागि रु.२४।०१४०८।२५ लागत अनुमान तयार गरी उपभोक्ता समिति संग सम्झौता गरी कार्य गरेको छ । बाटो निर्माण कार्यको प्राविधिक मुल्यांकन रु.२१८५१३९।३३ उपभोक्ता समितिलाई भुक्तानी गर्दा निम्नानुसार ओ.वि.सी सिमेन्ट र TMT रडको उपभोक्ता समितिले विभिन्न मितिको पेश गरेको विल भन्दा मुल्यांकन बढि दरले गरी भुक्तानी भएको रकम उपभोक्ता समितिबाट असुल गर्नु पर्ने रु. | १७४४९७.६ |

| फर्मको नाम | सामानको नाम | परिमाण | मुल्यांकन दर | विलको दर | फरक | असुल गर्ने रु. |
|---|---|---|---|---|---|---|
| रिता हार्डवयर | OPC सिमेन्ट | ९९० बोरा | ९४९ | ८२४.९ | १२४.१ | १२२७६०.० |
| रिता हार्डवयर | TMT रड | ४०४२ के.जि | ९१.९० | ७९.१० | १२.८ | ५१७३७.६ |
| जम्मा | | | | | | १७४४९७.६ |

| | | |
|---|---|---|
| ३६. | भौ.३१२-०७६।३।३१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार निर्माण कार्यको कार्य सम्पन्न तयार गर्नु व्यवस्था रहेको छ । गाउँपालिकाले वानेटाकुरा जागी चौर सडक स्तर उन्नती तथा ग्रोल नाला निर्माण कार्यको लागि रु.४००६०५१। को लागत अनुमान तयार गरी बोलपत्र गर्दा सबभन्दा घटी कबोल गर्ने शम्भु एण्ड सन्जु कन्ट्रक्सनको कबोल अंक रु.२४९९९५५। को स्वीकार गरी २०७६।३।३० मा काम सम्पन्न | २२२६०४६.० |

| | | |
|---|---|---|
| | गर्ने गरी २०७६।२।२ मा सम्झौता भएको छ । अन्तिम विलसम्म रु.२२२६०२२। भुक्तानी भएको छ । सम्झौता अनुसारको काम सम्पन्न नभएको तथा म्याद थप पनि भएको नदेखिएकाले निर्माण कार्यको कार्य सम्पन्न पेश गर्नु पर्ने रु. | |
| | **समानिकरण चालु** | |
| ३७. | प्रदेश सरकार<br>भौ.२७७-०७५।१२।२१ नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा स्थानीय तहका पदाधिकारीले जीवन वीमा गर्न पाउने व्यवस्था गरेको छैन । यस गाउँपालिकाको निर्णयले आ.ब. २०७४।०७५ देखि स्थानीय तहको निर्वाचित पदाधिकारी अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, कार्यपालिका सदस्य र सभाका सदस्य समेत ४० जनाको ज्योती लाईफ इन्सुरेन्स क.लि संग जीवन वीमा गराई प्रथम किस्ता वापत रु.५५०४६१। मिति २०७४।१२।०५ भुक्तानी गरेको र दोश्रो किस्ता वापत रु.५००८११। यस आ.ब.को भुक्तानी गरको छ । प्रदेश कानूनले यस्ता सुविधा पाउने व्यवस्था नगरेकोले सम्बन्धीतबाट असुल गरी स्थानीय सन्चित कोषमा दाखिला गर्नु पर्ने रु. | ५००८११.० |
| | **ससर्त पुँजिगत** | |
| ३८. | **जनसहभागिता रकम कट्टा नगरेको** :- सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई जनसहभागिता रकम कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । उपभोक्ता समितिसंग भएको सम्झौता अनुसार मुल्यांकन गरि निर्माण कार्यको भुक्तानी गर्दा लागत सहभागिताको रकम कट्टा गर्नु पर्नेमा कामको प्राविधिक मुल्यांकन अनुसार उपभोक्ता समितिले सम्झौता गर्दा व्यहोरेको श्रमदान प्रतिशत कट्टा गरि विलको भुक्तानी गर्नु पर्नेमा कामको मुल्यांकन बराबरकै रकम भुक्तानि दिइएकोले बढी भुक्तानी भएको देखिएको असुल गर्नु पर्ने रु. | २६१२९५.० |

| भौ./ मिति | योजनाको नाम र उपभोक्ता समिति | भुक्तानी दिइएको | भुक्तानी दिनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|
| ४५७-०७६/३/२७ | वडा कार्यालय तथा स्वास्थ्य चौकी लैगिंक मैत्री बाट निर्माण | ८६४५७० | ७२०४४६ | १४४१२४ |
| ४२१-०७६/३/२२ | पन्चेवाजा गुम्वाकोट मठ मन्दिर मर्मत सम्भार र संरक्षण (कार्यसम्पन्नमा गाउँपालिकाले रु.५५२१२७) व्यहोर्ने भनेकोमा ) | ८०००००.० | ५५२१२७ | २४७८७३.० |
| १५-०७६/३/२९ | प्रमधुम खानेपानी योजना ( उपभोक्ता समितिले संझौतामा १५.६६% व्यहोर्ने भनेकामा कम व्यहोरेको) | ८०००००.० | ७८६५७८.३३ | १३४२२.० |
| | जम्मा | | | ४०५४१९.० |

| | | |
|---|---|---|
| ३९. | वडा कार्यालय तथा स्वास्थ्य चौकी लैङ्गिक मैत्री बाट निर्माणका लागि लागत अनुमान रु.१२०००००। भएकोमा उपभोक्ता समितिले रु.२०००००। र गाउँपालिकाबाट रु.१००००००। भुक्तानी हुने गरी संझौता मिति २०७६।३।२ मा भएकोमा गाउँसभाबाट गाउँपालिकाको वित्तिय समानिकरण तर्फको वडा कार्यालय तथा स्वास्थ्य चौकी लैगिक मैत्री बनाउने शिर्षकमा भएको विनियोजन वडा नं.७ वडा कार्यालय लैगिक मैत्री बाटो निर्माणको लागत अनुमानमा जन सहभागिताको रकम उल्लेख भएका तर कार्यालयको निर्माण कार्यमा जनसहभागिताको कार्य हुन असम्भव भएकोले जनसहभागिता बाहेकको कार्य सम्पन्न प्रतिवेदन स्वीकृती गरी भुक्तानी निर्णय गरेता पनि गाउँपालिकाले गर्ने भनि संझौता गरेको जति पनि काम सम्पन्न नगरी कार्य सम्पन्न बनाएको पाइएकोले नियमको | |

व्यवस्थालाई पालना गर्नु पर्ने र जनसहभागीता नहुने काममा पहिलानै श्रमदानको अंश नछुट्याई लागत अनुमान बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**ससर्त चालु**

४० **नम्स भन्दा बढि भुक्तानी :** प्रदेश सरकार, गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७५ को नियम ६(७र ८) को व्यवस्था अनुरुप प्रशिक्षकको रु.१५००, संयोजनक भत्ता ५००, सहयोगी भत्ता रु.१५० को व्यवस्था गरेकोमा नम्समा भएको व्यवस्था भन्दा बढि भुक्तानी साथै नभएको समेत भुक्तानी दिएको पाइएकोले बढि भुक्तानी निम्न तालिमहरुमा दिएकाले सम्बन्धित सँग असुल गर्नु पर्ने रु. ५९९२.०

| क.सं. | कार्यक्रमको नाम | प्रशिक्षकको नाम | भएको भुक्तानी कर पछि | हुनु पर्ने भुक्तानी कर पछि | बढि भुक्तानी |
|---|---|---|---|---|---|
| १ | वाल विकास सहयोगी ECD तहको तालिम ( ०७६।१।६-१।९) | लोकनाथ आचार्य (संयोजक) | ३४०० | १७०० | १७०० |
| २ | | विष्णु प्रसाद भण्डारी (सहायक) | १७०० | ० | १७०० |
| ३ | | पार्वती धिताल | १०२० | ५१० | ५१० |
| ४ | किशोरी शिक्षा सरसफाई तालिम | नवीन राना मगर | ८५० | ४२५ | ४२५ |
| ५ | | ऋषि गौतम | १७०० | १२७५ | ४२५ |
| ६ | | आनन्द बराल | १७०० | १२७५ | ४२५ |
| ७ | | टिकाराम गौतम | १७०० | १२७५ | ४२५ |
| ८ | | कार्यालय सहयोगी | ५१० | १२८ | ३८२ |
| | जम्मा | | | | ५९९२.० |

४१. **मुल्य अभिवृद्धि कर कट्टी नगरेको :** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले मिति २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मु.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शिर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले देहायअनुसार मिति २०७६।२।१६ पछिको ठेक्का बन्दोबस्त तथा परामर्शको भुक्तानीमा ५० प्रतिशत मुल्य अभिबृद्धि कर भुक्तानी दिने कार्यालयले सम्बन्धीत राजस्व शिर्षकमा दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिएकोले कर समायोजन पेश गर्नु पर्ने रु. ५२५५०५.१७

| **भौ नं. र मिति** | **फर्मको नाम** | **विल रकम** | **मु.अ.कर रकम** | **५० प्रतिशतले हुने मु.अ.कर रकम** |
|---|---|---|---|---|
| ३-०७६/३/५ | नौलो घुम्ती नेपाल | २४६०५४.२३ | २८३०७.१२ | १४१५३.५६ |
| २८५-०७६/३/२७ | सुन्दर निर्माण सेवा देउराली | ४७५२२१.० | ५७५२२.० | २८७६१.० |
| २८८-०७६/३/२७ | मनिष एण्ड सन्देश कन्ट्रक्सन कास्की | ३०३३३०.९ | ३९४३३.० | १९७१७.० |
| ३०६-०७६/३/३० | एस.विई कन्ट्रक्सन | ३६१८४३३.० | ४७०३९६.० | २३५१९८.० |
| ३१२-०७६/३/३१ | शम्भु एण्ड सन्जु कन्ट्रक्सन | १९६९९३१.० | २२६६२९.२३ | ११३३१४.६१ |
| ३१३-०७६/३/३१ | जिम्बे नेट कनेकसन प्रा.लि | १७५९४०२.० | २२८७२२.० | ११४३६१.० |
| | जम्मा | | | ५२५५०५.१७ |

४२ **कर दाखिला गर्नुपर्ने :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भूक्तानी गर्दा अनुसूची १ बमोजिमको दरले हुने कर कट्टी गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले भौ.४-०७६।३।२५ बाट च्याङ्गलुग

फेदी भ्कोलुङ्गेपुल निर्माण कार्य उपभोक्ता समितिबाट गराएकोमा डोर हाजिरीबाट रु.१९२३५००। भुक्तानी दिएकोमा रु.१९२३५। काट्नु पर्नेमा रु.१४४०३। मात्र काटेको पाइएकोले नपुग रकम रु.४८३५। राजश्व दाखिला गर्नु पर्ने रु. ४८३५.०

४३. **मेसिनको प्रयोग :** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७ (९) मा उपभोक्ता समितिबाट निर्माण वा संचालित हुने निर्माण कार्यमा एक्जाभेटर, डोजर, लोडर जस्ता मेसिनरी उपकरण प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दा नै जटिल प्रकृतिको काम भएको हुँदा मेसिन प्रयोग गर्नुपर्ने भनि प्राविधिकबाट सिफारीस भई आएकोमा मेसिन प्रयोग गर्न सकिने उल्लेख छ । गाँउपालीकाले अधिकांश ग्रामिण सडक निर्माणमा मेसिनबाट काम गराउने भनि लागत अनुमान तयार गरि उपभोक्ता समितिबाट मेसिन प्रयोग गरि काम गराएको देखियो । श्रमप्रधान काम उपभोक्ता समितिबाट गराउनुपर्ने नियमावलीको मनसाय भएता पनि अधिकांश बाटो निर्माणको काम मेसिनबाट गर्ने गरी लागत अनुमान तयार गरी काम गराएबाट मेसिन प्रयोग नहुने काम उपभोक्ताबाट गराउने नियमको मनसाय पालना भएको देखिएन । उपभोक्ता समितिले स्थानीय स्तरमा जनसहभागिता जुटाउन सक्ने श्रमप्रधान कार्यभन्दा बाहिरका कार्य गर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ । उदाहरण

| योजनाको नाम | उपभोक्ता समिति | लागत अनुमान | गाउँपालिकाको अंश | मेशिनको प्रयोगमा भुक्तानी |
|---|---|---|---|---|
| खोरामुख ठुटुङ्गा सडक निर्माण | खोरामुख ठुटुङ्गा सडक निर्माण उ.स | १७४१४३५.७७ | १४५०६३५ | ९९४४००.० |
| लाहाचोक अर्मला देउराली मोटर बाटा निर्माण | लाहाचोक अर्मला देउराली मोटर बाटा निर्माण उ.स | १२०८७३४.० | १०००००.० | ९९४४००.० |
| गैरी गाउँ घिताल मोटरबाट निर्माण | गैरी गाउँ घिताल मोटरबाट निर्माण उ.स | २५१७०६१.७५ | २००००००.० | १५०००००.० |

४४ **कट्टी कर दाखिला नगरेको :** आयकर ऐन, २०५८ को दफा ८८ मा गरेको व्यवस्था बमोजिम कर कट्टा गर्नु पर्नेमा निम्न कार्यक्रम कर कट्टा गर्नु पर्ने साथै कट्टा गरी भुक्तानी दिएकोमा सो समेत दाखिला गरेको नपाइएकोले राजश्व दाखिला गर्नु पर्ने रु. २४५९३.०

| क्र. सं. | कार्यक्रमको नाम | भुक्तानी लिनेको नाम | भुक्तानी रकम | दाखिला गर्नु पर्ने रकम | दाखिला रकम | बाँकी रकम |
|---|---|---|---|---|---|---|
| १ | औषधि खरिद | बाराहि भेट फर्मा | ७३८६०.० | ११०८ | ० | ११०८ |
| २ | प्रदिप कुमार श्रेष्ठ | जोखिम भत्ता | ९२७४४ | १३९११ | ९२७ | १२९८४ |
| ३ | परफेक्ट इन्जिनियरिङ्ग | अग्रिम कर | ९५००० | १२६१ | ६११ | ६५० |
| ४ | गाउँपालिकाले आफ्नो आन्तरीक श्रोतबाट सडक तथा पुल निर्माण वापत भुक्तानी | अग्रिम कर | ६५६७३ | ९८५१.० | ०.० | ९८५१.० |
| | जम्मा | | | | | २४५९३.० |

४५ **फिर्ता गर्नु पर्ने :** संघिय सरकार बाट प्राप्त बजेट संघिय सरकारले तोकेको कार्यक्रममा

| | | |
|---|---|---|
| | मात्र खर्च गर्नु पर्ने हुन्छ तर गाउँपालिकाले सुत्केरी स्याहार कार्यक्रममा खर्च गर्नु पर्ने रकममा गाउँपालिकाले आफ्नो कार्यक्रममा राखेको पोषण कार्यक्रमको खर्च निम्नानुसार ससर्त कार्यक्रमबाट खर्च गरेको पाईएकाले गाउँपालिका तर्फबाट खर्च गर्नु पर्ने भएकाले फिर्ता गर्नु पर्ने रु. | ११७००.० |

| भौ.मिति | सुत्केरी स्याहार | पोषण | जम्मा खर्च |
|---|---|---|---|
| १९४-०७६/३/५ | ४३८०० | ६२००.० | ५००००.० |
| २०५-०७६/३/२९ | २१८००.० | ३०००.० | २४८००.० |
| २०६-०७६/३/२९ | २०७००.० | २५००.० | २३२००.० |
| जम्मा | ६५७००.० | **११७००.०** | ७५२००.० |

| | | |
|---|---|---|
| ४६. | **विल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार विल भरपाईको आधारमा मात्र भुक्तानी दिनुपर्ने व्यवस्था भएतापनि गाउँपालिकाले भौ. १९४-०७६।२।२५ बाट सुत्केरी स्याहारमा रु.३१२००। खर्च लेखेको तर विल भरपाई रु.२७२०० को मात्र भएकोले बढि भुक्तानी रु.४०००। असुल गर्नु पर्ने रु. | ४०००.० |
| ४७ | **बढि भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारको शर्तबमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा मात्र भुक्तानी दिनुपर्ने व्यवस्था भएता पनि निम्न योजनामा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने भन्दा बढी भूक्तानी दिएको उदाहरण यस प्रकार छ । साविक बराह आधारभूत विद्यालय घलेखर्क ग्रामिण सडक निर्माण उपाभोक्ता समिति मार्फत गराएको काममा सिमेन्टलाई प्रति बोरा रु.८९२.७ मु.अ.कर समेतका दरले भुक्तानी दिनु पर्नेमा रु.९३७.२५ का दरले १३० बोराको बढि भुक्तानी रु.५१४१.५, रडामा रु.८९.२७ का दरले भुक्तानी दिनु पर्नेमा ९१.७९ का दरले ७३४.८ के.जिमा रु.१८५१, ग्याविन बक्स ३"×१" ×१" को मु.अ.कर समेत रु.४१४५। का दरले भुक्तानी दिनु पर्नेमा रु.६५७५.२८ का दरले ९ वटाको बढि भुक्तानी २१८७३ र ग्याविन बक्स २"×१" ×१" को मु.अ.कर समेत रु.२८३९। का दरले भुक्तानी दिनु पर्नेमा रु.४५९१.७८ का दरले ६२ वटाको बढि भुक्तानी रु.१०८६७२.० बढि भुक्तानी गरी जम्मा रु.१३७५३८। बढि भुक्तानी दिएको रकम सम्बन्धित उपभोक्ता समिति संग असुलगरी दाखिला गर्नु पर्ने रु. | १३७५३८.० |

| | | |
|---|---|---|
| | **आन्तरीक आय** | |
| ४८. | **मु.अ. कर र अग्रिम कर दाखिला गर्न बाँकी :** ढुंगा गिटी र बालुवाको आन्तरीक आयको ३ वटा ठेक्का लागेकोमा निम्नानुसारका फर्महरुले खरिद गरेकोमा सम्झौता अनुसार दाखिला गर्नु पर्ने मुल्य अभिबृद्धि कर र अग्रिम कर दाखिला गरेको प्रमाण पेश नगरेकाले प्रमाण पेश गर्नु पर्ने रु. | ८०१९३२.३ |

| क्र.स. | पार्टिको नाम | कबोल अं. मु.अ.कर बाहेक | मु.अ.कर | अग्रिम कर | बुझाएको मु.अ.कर अग्रिम कर | बुझाउन बाँकी मु.अ.कर अग्रिम कर |
|---|---|---|---|---|---|---|
| १ | चौरा चिलेटी घाट र भराभरी घाट | ८५००००० | ११०५००० | १२७५०० | ४३०३६७.७ | ८०१९३२.३ |
| | जम्मा | ८५००००० | ११०५००० | १२७५०० | ४३०३६७.७ | ८०१९३२.३ |

| | | |
|---|---|---|
| ४९. | गाउँपालिकाले यो वर्ष ढुंगा गिटी वालुवाको निकासी गर्नका लागि मिति ०७५।६।७ ठे.६-०७५।७६ ( चौरा चिलेटी घाट र भराभरी घाटको पदार्थ उत्खनन) को लागि सुचना प्रकाशन गरेकोमा छ भाई निर्माण सेवा प्रा.लि ले मु.अ.कर र अग्रिम कर समेत रु.९७३२५००। कबोल गरेकोमा असार मसान्त सम्म रु.४८६६२५०। दाखिला गरेको र रु.४८६६२५०। प्राप्त गर्न बाँकी रहेकाले १०% व्याज समेत रु.५३५२८७५।बुझाउन बाँकी रकम मध्ये ०७६।४।३१ मा रु.२१५६१५७। दाखिला | ३१८७७१८. |

| | | |
|---|---|---|
| | गरेकोले बाँकी रु.३१८७७१८। असुल गरी गाउँपालिका खातामा दाखिला गर्नु पर्ने रु. | ० |
| ५०. | **प्रधानमन्त्रि रोजगार कार्यक्रमः** स्थानीय तहमा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ । गाउँपालिकामा यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन रु. १२८१०६१। खर्च भएको देखिन्छ ।<br>प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २ (ट) मा बेरोजगार व्यक्तिलाई स्थानीय तहको रोजगार सेवा केन्द्रमा सुचिकृत गरि परिचय पत्र वितरण गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी कार्यविधिको दफा १३ (१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरु मध्येबाट निर्देशिकाको दफा २१ को उपदफा (३) बमोजिमको प्राथमिकता क्रमका आधारमा काममा खटाउनु पर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले बेरोजगार व्यक्तिहरुको सुचिकृत गरि बेरोजगार परिचयपत्र वितरण गरेर प्राथमिकताको आधारमा मात्र कामका लागि पारिश्रमिक कार्यक्रममा सहभागि गराउनु पर्नेमा गरेको छैन । वडाको सिफारिशको आधारमा मात्र कामदारहरु छनौट गरि कार्यक्रम सञ्चालन गरेको देखिँदा वास्तविक बेरोजगार व्यक्तिहरुले नै रोजगारी प्राप्त गरे भन्ने आधार रहदैन । कार्यक्रममा सहभागि कामदारहरुको ज्याला बैंकिङ् प्रणालीबाट भुक्तानी गर्ने अवस्था हुँदा हुदै त्यसो नगरी नगदै भुक्तानी दिएको पाइयो । आयोजना सञ्चालन पुर्व स्थानीय तहले प्राविधीक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने तथा सोको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नुपर्नेमा गरेको प्रतिवेदन संलग्न भएको छैन । कानुनमा भएको व्यवस्थाको पालना गर्दै सुचिकृत बेरोजगारहरुले रोजगारी पाउने अवस्थाको सृजना गरेर, रोजगार व्यवस्थापन सुचना प्रणालीलाई अद्यावधिक गर्दै कामका लागि पारिश्रमिक कार्यक्रमलाई विश्वासनिय तथा प्रभावकारी बनाउनु पर्दछ । | |
| ५१. | प्रधानमन्त्री रोजगार कार्यक्रममा डोर हाजिरीको आधारमा भुक्तानी दिइने गरेकोमा डोर हाँजिरी भन्दा बढि भुक्तानी दिइएको निम्न वडाका रोजगार व्यक्तिहरुले बढि भुक्तानी प्राप्त गरेको सम्बन्धित संग असुल गरी राजश्व दाखिला गर्नु पर्ने रु. | ७१६६.० |

| क्र.सं. | वडा नं. | भुक्तानी लिनेको नाम | दिन | दर | भु रकम कर पछि |
|---|---|---|---|---|---|
| १ | ३ | सन्तोष भण्डरी | २ | ५१७ | १०२४ |
| २ | ३ | श्याम पौडेल | २ | ५१७ | १०२४ |
| ३ | ३ | टुल्की भण्डारी | २ | ५१७ | १०२४ |
| ४ | ३ | सिता लम्साल | २ | ५१७ | १०२४ |
| ५ | ४ | कलादेवी लामिछाने | ३ | ५१७ | १५३५ |
| ६ | ४ | डिल कुमारी थापा | ३ | ५१७ | १५३५ |
| | | जम्मा | | | ७१६६.० |

| | | |
|---|---|---|
| ५२. | **विद्यालयगत निकासा खाता :** कार्यालयले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलव ग्रेड र विद्यालयलाई निकासा जाने सवै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिती स्पष्ट हुन सकेन । अत विद्यालयलाई जाने सवै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गरिनु पर्दछ । | |
| ५३. | यस गाउँपालीकामा संचालित सामुदायीक विद्यालयहरुको लागि विद्यालय सुधार योजना प्रति विद्यार्थी अनुदान छात्रवृत्ति निशुल्क पाठ्यपुस्तकको रकम निकासा हुने गरेकोमा सो को पुष्टयाई गर्ने फ्लेस रिपोट, विद्यार्थी विवरण र शिक्षक दरवन्दी विवरण समेत पेश हुन आएन । विद्यालयहरुमा निकासा भएको रकमको विद्यालय गत अभिलेख राख्ने गरेको छैन । निकासा भएको पाठ्यपुस्तक छात्रवृत्ति समेतको रकम समयमा नै वितरण भए नभएको अनुगमन गरी प्रतिवेदन गर्ने गरेको पाइएन । | |
| ५४. | **दरबन्दी मिलान :**शिक्षक दरवन्दी शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार विद्यालयगत शिक्षकको दरवन्दी मिलान गर्नुपर्नेमा यस गाँउपालिका कार्यालय सँग जिल्ला शिक्षा इकाइ कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रावि., नि.मा.वि., मा.बि.मा राहत समेत गरी | |

जम्मा २७९ जना दरवन्दी मौज्दात देखिएता पनि गाँउपालिकाले विद्यालयको अवस्था, विद्यार्थीको अवस्था विद्यार्थीको संख्या यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अत: यसरी दरवन्दी मिलान वेगर गाँउपालिकाले गरेको शिक्षकहरुको सरुवालाई विश्वसनीय छ भन्न सक्ने अवस्था र शिक्षकको तलव निकासा वास्तविक खर्च हो भनी यकिन गर्न सकिएन

५५. **बढि निकासा :** निम्न विद्यालयबाट निम्नानुसारका शिक्षकहरुले बढि भुक्तानी लिएको रकम असुल गरि राजश्व दाखिला गर्नु पर्ने रु.
३२७३१.०

| क्र.सं. | विद्यालयको नाम | शिक्षकको नाम | ग्रेड संख्या | ग्रेड रकम | भुक्तानी कसंकोष र दशै समेत |
|---|---|---|---|---|---|
| १. | | विश्व मोहन पोखरेल | १ वर्ष पुरै | ७३९ | १०४९३.८ |
| २. | तारे बराह प्रा.वि | दुर्गा बहादुर गुरुङ् | १ वर्ष पुरै | ७८३ | १११९८.६ |
| ३. | पृथ्वि मा.वि | लोक ब. गुरुङ्ग | १ वर्ष पुरै | ७८३ | १११९८.६ |
| | जम्मा | | | | ३२७३१.० |

५६. बराह मा.वि भेडाबारीमा आर्थिक वर्षको प्रथम चौमासिकमा रु.२६७०६१२। माग भएकोमा रु.३७३७३११। निकासा भएको पाइएकोले बढि निकासा रु.१०६६६९९। असुल गर्नु पर्ने रु.
१०६६६९९.

५७. **बुक कर्नर :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं २.१५.११.७७० मा उल्लेख गरे बमोजिम बुक कर्नर व्यवस्थापन गर्न कक्षा १-५ को लागी रु.२१३६००॥ कक्षा ६-८ को लागी रु.२१५८००।, कक्षा ९-१० को लागि रु.१२५६००। र कक्षा ११-१२ सम्म रु.८३५००। गरी जम्मा रु.६३८५००। अनुदान निकासा दिएकोमा सो कार्य गरे नगरेको बारे कार्यालयले अनुगमन गरेको देखिएन । अत कार्यालयले अनुगमन गर्न तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

५८. **कार्यसम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) अनुसार कुनै निर्माण कार्यसम्पन्न भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्इङ्ग डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको एकिन गर्न प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिका ससर्त अनुदान अन्तर्गत शुक्ला गण्डकी मा.वि ४ कोठे भवन निर्माणका लागि रु.१८०००००। भुक्तानी दिएको रनिङ्ग विल प्राप्त भएको तर कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन । तोकिएको समयमा कार्यसम्पन्न गरि प्राविधिकबाट नापजाँच गरी निम्नानुसारको भौतिक निर्माण कार्यसम्पन्न भएको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु.
१८०००००.

५९. **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा पेश्की गएको रकम नियमावलीमा तोकिएको म्याद भित्र नियमावलीको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबैको कर्तव्य हुने व्यवस्था छ । गाउँपालिकाले यस आर्थिक वर्षमा विभिन्न प्रयोजनलाई दिएको निम्नानुसारको पेश्की आर्थिक वर्षको अन्तसम्म पनि फर्छ्यौट भएको नदेखिएकोले नियमानुसार फछ्र्यौट हुनु पर्ने रु
४७३३९३१.

| **क्र.सं.** | **मिति** | **विवरण** | **कार्यक्रम** | **पेश्कि रकम** |
|---|---|---|---|---|
| १ | २०७६/३/३१ | उदय मा.वि धम्पुस | भवन निर्माण | ३६०००००.० |
| २ | २०७५/१०/१४ | अखारी आमा समुह | भवन निर्माण | ३००००.० |
| ३ | २०७५/१२/७ | घलेल सामुदायीक होमस्टे | पर्यटन प्रबर्द्धन | १०००००.० |
| ४ | २०७६/२/२६ | मूल गैरी ढाँडा निवारे खा पा आयोजना | खानेपानी संरचना निर्माण | ११५०००.० |
| ५ | | सामुदायिक ग्रामीण महिला विकास समाज | | २८८०००.० |
| ६ | | बुद्धिसिंह विश्वकर्मा | | ७५०००.० |
| ७ | २०७६/१/१२ | झोलुङ्गे पुल क्षेत्रगत विकास कार्यक्रम | झोलुङ्गे पुल निर्माण | ५२५९३१.० |
| | | जम्मा | | ४७३३९३१.० |

अनुसूची– १

## स्थानीय तह सञ्चित कोष विवरण
### २०७५/७६

**प्रदेश :- गण्डकी**

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | माछापुच्छ्रे गा.पा. | कास्की | ४६५०४ | ९१६०४ | १७५३७१ | २१७३४९ | ४८४३२४ | २९११९९ | १३१३१५ | ६१०६ | ४२८६२० | १०२२०८ |

अनुसूची- २

## माछापुच्छ्रे गाउँपालिकाको बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
### आर्थिक वर्ष २०७५/७६

(रु.हजारमा)

| सि.नं. | स्थानीय तहको नाम | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात | राजश्व लगत | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | माछापुच्छ्रे गा.पा. | कास्की | ३६ | २५ | १८१५४ | ० | ० | ० | ३६ | २५ | १८१५४ | ६०७८ | १९८८ | ५३५३ | ० | ० | ७३४२ | ७५ | ४६५९ | ४७३४ |

अनुसूचि ३

## अद्यावधिक वेरुजू स्थिति

(रु. हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | माछापुच्छ्रे गाउँपालिका | कास्की | ११०७३ | ९६३ | १०११० | ० | १८१५४ | २८२६४ |